नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ११ २०८३ साल साउन १३ गते बुधबार (29 July 2026 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा : सर्पदंशको बढ्दो ... ३ पृष्ठमा : आँपको उत्पादन बढ्यो ... ३ पृष्ठमा : इथानोलसम्बन्धी पोस्टलाई ...

# सुनसरी घटनाको बिरोधमा प्रदर्शन

## पूर्व पकलीदेखी पश्चिम कोशी ब्यारेजसम्म कर्फयु आदेश जारि



**दैनिक समाचारदाता**
**राजविराज, १२ साउन ।**

सुनसरीको देवानगञ्जमा भएको घटनाको बिरोध सप्तरीमा पनि भएको छ । जिल्ला सदरमुकाम राजविराजमा मंगलबार दिउँसो ४ बजेदेखी ६ बजेसम्म स्थानीय नेता चौकमा बिरोध प्रदर्शनका साथै श्रद्धाञ्जली सभा गरिएको छ ।

हिन्दु सम्राट सेनाको नेतृत्वमा भएको बिरोध प्रदर्शनका क्रममा केही बेर प्रहरीसँग घम्साघम्सी समेत भएको थियो । सो क्रममा प्रहरीले एक जना हिन्दु सम्राट सेनाका कार्यकर्तालाई पक्राउ गरेको सेनाका सल्लाहकार इन्द्रसागर गुप्ताले जानकारी दिए । पक्राउ परेकालाई प्रहरी मंगलबार साँझ रिहा गरेको उनले बताए ।

हिन्दु सम्राट सेनाका जिल्ला अध्यक्ष सुरेन्द्र दासले देवानगञ्ज घटनाको बिरोधमा बुधबार राजविराज बजार बन्दका साथै यातायातका साधनहरु समेत ठप्प पार्ने जानकारी दिए । उनले दोषिमाथी कारवाही तथा मृतक परिवारलाई क्षतिपूर्ती र घाइतेहरुको उपचार खर्च राज्यले व्यहोर्नु पर्ने माग समेत गरे ।

यसअघी जिल्लाको महुली, रुपनी लगातयका स्थानमा समेत सुनसरी घटनाको बिरोध भएको थियो ।

यता सनुसरीको स्थानीय प्रशासनले मंगलबार पूर्वपश्चिम राजमार्ग अन्तरगत पूर्व पकलीदेखी पश्चिम कोशी ब्यारेजसम्म कर्फयु आदेश जारि गरेको छ ।

स्थानीय प्रशासनले इनरुवाको मुख्य बजार क्षेत्रमा

*बाँकी अन्तिम पृष्ठमा*

# अस्पतालमा कार्यरत ६८ जना चिकित्सकहरुले दिए राजीनामा

**दैनिक समाचारदाता**
**पर्सा, १२ साउन ।**

वीरगञ्जस्थित नारायणी अस्पतालमा कार्यरत ६८ जना चिकित्सकहरुले मंगलबार सामूहिक राजीनामा दिएका छन् ।

उपचारका क्रममा भएको हिंसात्मक घटनापछि सुरक्षाको ग्यारेन्टी नभएको भन्दै अस्पतालमा कार्यरत ६८ जना चिकित्सकले सामूहिक रूपमा राजीनामा दिएका हुन । यता आन्दोलनलाई थप कडा बनाउँदै आकस्मिक सेवासमेत ठप्प पारेका छन् ।

गत शनिबार एक बिरामीको मृत्यु भएपछि आक्रोशित आफन्तले अस्पतालको आकस्मिक कक्षमा तोडफोड गर्नुका साथै ड्युटीमा रहेका डा. प्रमोद राममाथि कुटपिट गरेका थिए ।


उक्त घटनापछि अस्पतालभित्र चिकित्सकहरू असुरक्षित महसुस गरिरहेको बताउँदै उनीहरूले दोषीमाथि तत्काल कानुनी कारबाही र स्वास्थ्यकर्मीको सुरक्षा सुनिश्चित गर्न माग गरेका छन् ।

घटनाको छानबिन र सुरक्षा व्यवस्थाबारे छलफल गर्न सोमबार जिल्ला प्रशासन कार्यालय पुगेको चिकित्सक टोलीले उल्टै अपमान र दुर्व्यवहार भोग्नुपरेको भन्दै पेशागत सम्मान र सुरक्षामाथि गम्भीर प्रश्न उठेको निष्कर्षसहित सामूहिक राजीनामा दिने निर्णय गरिएको चिकित्सकहरुले जनाएका छन् ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्टलाई बुझाइएको राजीनामापत्रमा सुरक्षा प्रत्याभूति बिना उपचार सेवा दिन असम्भव भएको उल्लेख गरिएको छ ।

नारायणी अस्पतालका चिकित्सक डा. उदय नारायण सिंहका अनुसार स्वास्थ्य मन्त्रालयले आकस्मिक सेवा सञ्चालन गर्न आग्रह गरेपछि चिकित्सकहरू वार्ताका लागि सकारात्मक बनेका थिए ।

# बरामद लत्ताकपडासहित दुई वटा मोटरसाइकल र तीन जनालाई भन्सार बुझाइयो





**दैनिक समाचारदाता**
**राजविराज, १२ साउन ।**

सप्तरी प्रहरीले भारतबाट भन्सार छली गरी ल्याइँदै गरेका विभिन्न लत्ताकपडासहित तीन जना र दुई वटा मोटरसाइकल नियन्त्रणमा लिएको छ ।

प्रहरी चौकी पातो र प्रहरी चौकी तरहीबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले डाक्नेश्वरी नगरपालिका ३ स्थित तरही चोक सडकखण्डमा भारतको लौकहीबाट नेपालतर्फ आउँदै गरेका दुई मोटरसाइकललाई शंकाका आधारमा रोकी जाँच गरेको थियो ।

*बाँकी अन्तिम पृष्ठमा*

# सप्तरीमा कुपोषित बालबालिकाको संख्यामा कमि आउन सकेन




**दैनिक समाचारदाता**
**राजविराज, १२ साउन ।**

दश शैयाको क्षमता रहेको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल परिसरमा अवस्थित पोषण पुनर्स्थापना केन्द्रमा विशेषज्ञ चिकित्सकसहित तालिमप्राप्त स्वास्थ्यकर्मीले चौबिसै घण्टा कुपोषित बालबालिकाहरुलाई सेवा दिँदै आएका छन् ।

केन्द्रमा उपचारका क्रममा बालबालिकालाई उमेर अनुसारको पौष्टिक खाना, औषधि तथा आवश्यक स्याहार निःशुल्क उपलब्ध गराउँदै आएको केन्द्रकी प्रबन्धक रश्मी झाले जानकारी दिइन् ।

उनले बालबालिकाको मानसिक र शारीरिक विकासलाई ध्यानमा राखेर खेल

*बाँकी अन्तिम पृष्ठमा*

## बाढी/पहिरोबाट सचेत होऔं

बाढी/पहिरो आउनुअघिः
- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण टाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने टाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

बाढी/पहिरो आएमाः
- अनावश्यक हिँडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान–प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# संघीयता लोकतान्त्रिक गणतन्त्रलाई सबल बनाउने आधार हो : सभामुख यादव

जनकपुरधाम, १२ साउन (रासस)।

मधेस प्रदेशका सभामुख रामअशिष यादवले सङ्घीयता केवल विकास वा पहिचानको विषय मात्र नभई लोकतान्त्रिक गणतन्त्रलाई सबल बनाउने आधार भएको बताउनुभएको छ।

मधेस प्रदेशसभाअन्तर्गत प्रदेश मामिला समितिद्वारा मंगलबार आयोजित 'सङ्घीयता सवलीकरण'सम्बन्धी अन्तरक्रियामा सभामुख यादवले सङ्घीयता र गणतन्त्रलाई संस्थागत रूपमा बलियो बनाउन नसके भावी पुस्ताले वर्तमान नेतृत्वलाई माफी नगर्ने चेतावनी दिनुभयो।

संविधानमा संवैधानिक अदालतको व्यवस्था हुनुपर्ने भए पनि त्यसको सट्टा संवैधानिक इजलाश स्थापना गरिएको उल्लेख गर्दै उहाँले प्रदेश अधिकारसँग सम्बन्धित धेरै मुद्दा अहिले संवैधानिक इजलाशमा विचाराधीन रहेको जानकारी दिनुभयो।

प्रदेशसभा सदस्य रामसरोज यादवले सङ्घीयता आए पनि प्रदेशलाई पर्याप्त अधिकार अझै अपुग भएको बताउनुभयो। प्रदेशसभा सदस्य सुरिता साहले प्रदेशले बनाएका ऐन-कानुन कार्यान्वयनमा सङ्घीय सरकारले सहयोग गर्नुपर्ने धारणा राख्नुभयो।

संविधानसभा सदस्य डा विजयप्रसाद सिंहले सङ्घीयताको सुदृढीकरणका लागि प्रदेश सरकारले आफैं निर्णय गर्ने क्षमता विकास गर्नुपर्ने बताउनुभयो। प्रदेश नीति आयोगका पूर्वउपाध्यक्ष डा भोगेन्द्र झाले पात्र र प्रणालीलाई एउटै रूपमा मूल्याङ्कन गर्नु गलत हुने बताउनुभयो। "सङ्घीयता प्रणाली हो, मुख्यमन्त्री र मन्त्री पात्र हुन्। पात्र गलत हुन सक्छन्, प्रणाली होइन", उहाँले भन्नुभयो।

जनकपुरधाम उपमहानगरपालिकाका पूर्व नगरप्रमुख लालकिशोर साहले व्यवस्थाभन्दा पात्रहरूको कमजोरीका कारण सङ्घीयतामाथि प्रहार भइरहेको बताउनुभयो। डा शरद यादवले प्रदेश सरकारले कृषि, स्थानीय उत्पादन र धार्मिक पर्यटन प्रवर्द्धनमा प्रभावकारी काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रममा सहभागी वक्ताहरूले सङ्घीयताको सवलीकरणका लागि अधिकारको प्रभावकारी कार्यान्वयन, आर्थिक स्वायत्तता, प्रशासनिक सुधार तथा जनतामा सकारात्मक विश्वास निर्माण अपरिहार्य रहेकोमा जोड दिएका थिए।


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**


# सर्पदंशको बढ्दो सन्त्रास

**प्रगति ढकाल**

काठमाडौँ, १२ साउन (रासस)।

अहिले मनसुनको समय। किसानहरूको अधिकांश समय खेतबारीमै बित्ने गर्दछ। मनसुनी अवधिमा बढेको हुन्छ सर्पदंशको त्रासदी। विशेषगरी तराईका जिल्लामा मनसुन सुरु भएसँगै सर्पदंशका घटना बढ्न थाल्छन्।

बिहान खेतमा पुगेको किसनालाई बेलुका सकुशल घर फर्किन पाइन्छ कि पाईंदैन भन्ने त्रास हुन सक्छ। दिनभर खेतमा काम गर्ने किसान मात्र होइन, राति आफ्नै घरमा सुतेका मानिस पनि सुरक्षित महसुस गर्न सक्दैनन्। घरभित्र निदाइरहेका मानिस, खेलिरहेका बालबालिका, बिहानै उठेर गोठतिर लागेका गृहिणी, घाँस काट्न वा धान खेतलाई पानी लगाउन गएका किसान जो कोही पनि सर्पदंशको शिकार बन्ने गरेका छन्। धेरै परिवारका लागि वर्षायामको रात चिन्ताको रात बन्ने गरेको छ।

चितवन जमुनापुरमा बस्ने विमला ढकाल पनि हरेक मनसुन यही त्राससँग बाँचिरहनुभएको छ। खेतमा काम गर्न जाँदा उहाँको ध्यान धानभन्दा बढी वरिपरि सर्प छ कि छैन भन्नेमा जान्छ। "काम नगरी खान पनि पुग्दैन। खेतमा नगई विकल्प छैन तर काम गर्न जाँदा सर्प आउँछ कि भन्ने डर लागिरहन्छ। बारीमा मात्रै होइन, कहिलेकाहीँ त घरमा झुलभित्रै पनि पस्दोरहेछ, "उहाँले रासससँगको टेलिफोन कुराकानीमा भन्नुभयो।

ढकालको चिन्ता त्यतिमै सीमित छैन। घरमा प्रायः एक्लै बस्नुपर्ने भएकाले आकस्मिक रूपमा सर्पले टोके कसरी अस्पताल पुग्ने भन्ने प्रश्नले उहाँलाई झन बढी सताउँछ। उहाँलाई मात्रै होइन बाराको सिम्रौनगढ नगरपालिका-२ का चुरे अभियन्ता समेत रहनुभएका सुनिल यादवलाई वर्षायामसँगै सर्पदंशको उत्तिकै चिन्ता हुन्छ। मनसुनको सर्पदंशको समयमा उहाँलाई आफ्नोभन्दा बढी चिन्ता आफ्ना साना छोराछोरीको हुन्छ। "बच्चाहरू कतिखेर कहाँ पुग्छन् भन्ने नै थाहा हुँदैन, "उहाँ भन्नुहुन्छ, "तर यस समयम विशेष सतर्कता अपनाउँदै सर्प आउने डरले उनीहरूलाई जथाभावी खेल्न दिँदैनौं। राति राम्रोसँग झुल लगाएर सुत्न भन्छौं तर त्यसले मात्र मन ढुक्क हुँदैन।"

उहाँका अनुसार तराई क्षेत्रमा धेरै परिवार अझै शौचालयविहीन छन्। राति शौच गर्न बाहिर निस्कनुपर्ने बाध्यताले पनि सर्पदंशको जोखिम बढाएको छ। गाउँघरका झाडी, खेतका आली र मुसाले बनाएका प्वाल सर्पका सुरक्षित वासस्थान बनेका छन्।

किसानको अवस्था अझ चुनौतीपूर्ण रहेको उहाँ बताउनुहुन्छ। "सिँचाइका लागि पानी नपरेको बेला राति मोटर चलाउन खेत पुग्नुपर्ने हुन्छ। अँध्यारोमा खेतको आली हुँदै हिँड्दा सर्पसँगको जम्काभेट कुनै पनि बेला हुनसक्छ", टेलिफोन वार्तामा उहाँले भन्नुभयो, "खेतका आलीमा मुसा धेरै हुन्छन्, मुसाको खोजीमा त्यहाँ सर्प पनि आउँछ।" यादवका अनुसार सर्पदंशबाट जोगिने सबैभन्दा प्रभावकारी उपाय भनेको व्यक्तिगत सतर्कता नै हो। "बच्चालाई जताततै खेल्न नदिने, राति टर्च बोकेर हिँड्ने, खेतबारीमा बुट लगाउने र वरिपरिको झाडी सफा राख्ने बानी बसाल्नुपर्छ", उहाँको सुझाव छ।

**सबैभन्दा बढी सर्पदंशबाट मृत्यु**

मनसुनसँगै बाढी, पहिरो र डुबानको चर्चा बढी हुने गरे पनि पछिल्ला तथ्याङ्कले नेपालमा यसवर्ष सबैभन्दा धेरै ज्यान लिने विपद् सर्पदंश बनेको देखाएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार गत वैशाख १ गतेदेखि साउन १० गतेसम्म सर्पदंशका ६६१ घटना भएका छन्। ती घटनामा ५३ जनाले ज्यान गुमाएका छन् भने ५७२ जना घाइते भएका छन्। यस अवधिमा ६२२ परिवार प्रभावित बनेका छन्।

प्राधिकरणका तथ्याङ्कअनुसार यही अवधिमा विपद्जन्य घटनामध्ये सबैभन्दा धेरै मृत्यु सर्पदंशबाट भएको छ। चटचाङ लागेर २५ जनाको मृत्यु भएको छ भने लेक लागेर २१, आगलागीबाट १९, जनावरको आक्रमणबाट १७, बाढीबाट १३ र पहिरोबाट पनि १६ जनाले ज्यान गुमाएका छन्। भारी वर्षाका कारण चार तथा डुङ्गा पल्टिँदा दुईको मृत्यु भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ। साउन ७ गतेदेखि साउन ८ गतेसम्मको २४ घण्टामा मात्रै सर्पदंशका १६ घटना दर्ता भएका छन्। प्राधिकरणका सहसचिव प्रदीपकुमार कोइरालाले मनसुनमा सर्पदंशको समस्या जनस्वास्थ्यको गम्भीर सङ्कट रहेको भन्दै प्राधिकरणले समस्या न्यूनीकरणका लागि सचेतना तथा अन्तरसरकारी निकायबीच समन्वय बढाइएको जानकारी दिनुभयो।

**सर्पदंशबाट महिलाहरू बढी प्रभावित**

सर्पदंशको जोखिम सबैका लागि समान देखिए पनि यसको असर भने महिलामाथि बढी परेको तथ्याङ्कले देखाएको छ। प्राधिकरणको तथ्याङ्कअनुसार २०७४ सालदेखि २०८३ सालसम्म सर्पदंशका एक हजार २१८ घटना दर्ता भएका छन्। ती घटनामा २५९ जनाले ज्यान गुमाएका छन्। मृत्यु हुनेमध्ये १३२ जना महिला र १२१ जना पुरुष रहेका छन्। यसमा सर्पदंशबाट महिलाको मृत्यु सङ्ख्या पुरुषभन्दा बढी रहेको देखाउँछ। यस अवधिमा ९७६ जना घाइते भएका छन्। घाइतेमध्ये ५४२ जना महिला र ४३४ जना पुरुष छन्। सर्पदंशका घटनाबाट एक हजार २२६ परिवार प्रत्यक्षरूपमा प्रभावित भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ।

प्राधिकरणका अनुसार ग्रामीण क्षेत्रमा महिलाहरू खेतमा धान रोप्ने, घाँस-दाउरा संकलन गर्ने, पशुपालन गर्ने तथा राति घरायसी कामका लागि बाहिर निस्कने भएकाले उनीहरू बढी प्रभावित हुने गरेका छन्। प्राधिकरणका सहसचिव प्रदीपकुमार कोइरालाले सर्पदंश रोकथामसम्बन्धी जनचेतना, सुरक्षित कार्य अभ्यास र उपचार सेवाको पहुँचमा प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको बताउनुभयो। उहाँका अनुसार सर्पको टोकाइबाट मृत्यु भएमा दुई लाखसम्म क्षतिपूर्ति दिने व्यवस्था छ।

**सर्पको वासस्थानबारे अध्ययन सुरू गरिने**

प्राधिकरणका नवनियुक्त कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले सर्पदंशका घटना न्यूनीकरण गर्न सर्पको वासस्थान र आवतजावत हुने क्षेत्रको अध्ययन सुरु गरिने बताउनुभएको छ। उहाँले सर्प कहाँबाट आउने, कस्तो वातावरण र बासस्थानमा बस्ने तथा मानिससँगको सम्पर्क किन बढिरहेको छ भन्ने विषयमा अध्ययन गरिने जानकारी दिनुभयो। "सर्पको वासस्थान र आवतजावत हुने क्षेत्रको अध्ययन गरेर जोखिम न्यूनीकरणका उपाय अघि बढाउँछौँ", उहाँले भन्नुभयो।

उप्रेतीका अनुसार सर्पदंशका घटना बढी हुने क्षेत्रमा स्थानीय तहसँग समन्वय गरी सर्प उद्धार तथा व्यवस्थापनको प्रणाली विकास गरिनेछ। जोखिमयुक्त बस्तीमा जनचेतना अभिवृद्धि, उद्धार टोलीको क्षमता विकास तथा स्थानीयस्तरमै तत्काल प्रतिकार्य गर्न सकिने संयन्त्र निर्माणमा पनि जोड दिइने उहाँले बताउनुभयो। डा उप्रेतीले सर्पदंशलाई वर्षायाममा देखिने प्रमुख विपद्का रूपमा लिएर यसको रोकथाम र न्यूनीकरणका लागि सम्बन्धित निकायसँग सहकार्य गर्दै प्रभावकारी कार्यक्रम सञ्चालन गरिने बताउनुभयो।

**मनसुनमै बढ्छन् बिरामीको सङ्ख्या**

मनसुन सुरु भएसँगै सर्पदंशका बिरामीको सङ्ख्या उल्लेख्य रूपमा बढ्ने गरेको बताउनुहन्छ वीर अस्पतालका विष विशेषज्ञ डा सुनिल विश्वकर्मा। "अहिले अस्पतालमा दैनिक औसत चार जना सर्पदंशका बिरामी उपचारका लागि आउने गरेका छन्। तीमध्ये अधिकांश बिरामी तराईका जिल्लाबाट आउने गरेका छन् भने सर्लाहीबाट आउने बिरामीको सङ्ख्या तुलनात्मक रूपमा बढी रहेको छ", उहाँले भन्नुभयो, "सर्पले टोकेपछि समय खेर फाल्नु हुँदैन। बिरामीलाई सकेसम्म चाँडो नजिकको स्वास्थ्य संस्थामा पुऱ्याएर प्रारम्भिक उपचार गराउनुपर्छ। त्यसपछि विषालु सर्पले टोकेको हो वा होइन भन्ने चिकित्सकीय रूपमा पुष्टि गर्नुपर्छ।"

उहाँका अनुसार विषालु सर्पले टोकेको पुष्टि भएपछि मात्र सरकारले तोकेका एन्टिस्नेक भेनम (एन्टिभेनम) उपलब्ध हुने स्वास्थ्य संस्थामा लगेर उपचार गर्नुपर्छ। डा विश्वकर्माले सर्पदंशपछि धामी-झाँक्रीकोमा जाने, घाउ काट्ने, विष चुस्ने वा कसिलो डोरी बाँध्नेजस्ता परम्परागत अभ्यासले बिरामीको अवस्था झन जटिल बनाउनसक्ने भएकाले यस्ता कार्य नगर्न पनि आग्रह गर्नुभयो। उहाँले सर्पदंशलाई चिकित्सा आपत्कालीन अवस्था मान्दै ढिलाइ नगरी उपचारमा पुग्न सबैलाई अनुरोध गर्नुभयो।

**समयमै उपचार पाए जोगिन्छ ज्यान**

मनसुन सुरु भएसँगै नेपालका तराई तथा भित्री मधेसका जिल्लामा सर्पदंशका घटना बढ्न थालेको प्राधिकरणको भनाइ छ। खेतबारीमा काम गर्ने किसान, घाँस-दाउरा सङ्कलन गर्ने, माछा मार्ने तथा भुइँमा सुत्ने बानी भएका ग्रामीण बासिन्दा सर्पदंशको बढी जोखिममा पर्ने स्वास्थ्यकर्मी बताउँछन्।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गत राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले सर्पदंशलाई सामान्य घटना नठानी समयमै उपचारका लागि स्वास्थ्य संस्थामा पुग्न आग्रह गरेको छ। केन्द्रका निर्देशक डा राधिका थपलियाले वर्षायाममा सर्पदंशको जोखिम अझ बढ्ने गरेको भन्दै समयमा नै उपचार गरेमा ज्यान जोगिन सक्ने बताउनुभयो।

बिरामीलाई नआत्तिन दिने, शान्त राख्ने, टोकेको अङ्गलाई कम चल्ने गरी स्थिर राख्ने र सकेसम्म छिटो एन्टिस्नेक भेनम उपलब्ध स्वास्थ्य संस्थामा पुऱ्याउनु नै सबैभन्दा प्रभावकारी उपाय रहेको थपलियाको भनाइ छ। "हामीले सर्पदंशबाट बच्नका लागि व्यापक रुपमा चनचेता अभिवृद्धि गर्दै आइरहेका छौँ तर समयमा नै अस्पताल आउनुभन्दा अझै पनि धामीझाँक्री लगाउने चलन छ। बिरामीले समयमा नै उपचार नपाएर ज्यान जाने गरेको छ।"

**समयमा नै अस्पताल नपुग्ने समस्या**

शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका विशेषज्ञ डा मिलन बज्राचार्यले सर्पले टोकेको ठाउँ काट्ने, विष चुस्ने, कसिलो डोरी बाँध्ने (टर्निकेट प्रयोग गर्ने) वा धामी-झाँक्री तथा घरेलु उपचारमा समय खर्च गर्नेजस्ता अभ्यासले बिरामीको अवस्था थप जटिल बनाउन सक्ने बताउनुभयो। "उपचारको सुविधा भए पनि सर्पले टोकेपछि समयमा नै अस्पताल नपुग्ने समस्याका कारण धेरैले अकालमा नै ज्यान गुमाएका छन्। अझै पनि चनचेतनाको अभाव देखिएको छ", उहाँले भन्नुभयो, "सर्पदंशमा सबैभन्दा प्रभावकारी उपचार भनेको समयमै स्वास्थ्य संस्थामा पुग्नु हो। सही समयमा उपचार पाए धेरैजसो बिरामीको ज्यान बचाउन सकिन्छ।"

सर्पदंशबाट बच्न रातिको समयमा टर्च लाइटको प्रयोग गर्ने, खेतबारी तथा झाडीमा काम गर्दा बुट र लामो कपडा लगाउने, घर वरिपरिका झाडी सफा राख्ने, मुसा नियन्त्रण गर्ने तथा भुइँमा सुत्नुभन्दा खाटमा सुत्ने बानी बसाल्न पनि राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले सुझाव दिएको छ। स्वास्थ्य विज्ञहरूका अनुसार नेपालमा सर्पदंश अझै पनि ग्रामीण क्षेत्रमा एउटा प्रमुख जनस्वास्थ्य चुनौतीका रूपमा रहेको छ। उपचारमा ढिलाइ, अन्धविश्वास र स्वास्थ्य सेवामा ढिलो पहुँचका कारण धेरै बिरामीले ज्यान गुमाउने गरेका छन्।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले मनसुनको समयमा खेतबारी र ग्रामीण बस्तीमा सर्पसँगको मानवीय सम्पर्क बढ्ने भएकाले स्वास्थ्य मन्त्रालयले सचेत रहन, सही जानकारी फैलाउन र सर्पदंशलाई सामान्य रूपमा नलिन सबैमा आग्रह गरेको छ। राष्ट्रिय प्राकृतिक संरक्षण कोषका अनुसार नेपालमा गोमन, राजगोमन, करेत, ठूलो कालो करेत, सानो कालो करेत, ब्यान्डेड करेत, रसेल्स भाइपर, मोनोकल्ड कोब्रालगायतका विशालु प्रजातिका सर्पहरू पाइने गर्दछन्।

# आँपको उत्पादन बढ्यो : मूल्य घटेन

**भीष्मराज ओझा**

काठमाडौँ, १२ साउन (रासस)।

आँपको उत्पादनको पछिल्लो तथ्यांक हेर्ने हो भने यसको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व बढ्दै गएको देखिन्छ। मूल्य भने प्रायः घट्नुको साटो वृद्धि भएको देखिन्छ।

आँप उत्पादन गर्ने किसानदेखि आमउपभोक्तासम्म पुग्न कम्तिमा तीन तहका व्यावसायी हुने भएकाले उत्पादन र उपभोग्य मूल्यमा ठूलो अन्तर देखिने गरेको आरोप लाग्ने गरेको छ। नेपालमा स्वदेशी उत्पादनदेखि भारत र चीनबाट आयात हुने विभिन्न प्रजातिका आँपको बैशाखदेखि असोजसम्म उपभोग हुने गरेको छ।

नेपाल फलफूल थोक व्यावसायी संघ कुलेश्वरका अध्यक्ष अमर बाँनियाका अनुसार नेपालमा वार्षिक औषतमा स्वदेशको उत्पादन र भारतबाट आयात हुने रु दुई/दुई अर्ब तथा चीनबाट आयात हुने रु एक अर्ब जतिको आँप खपत हुन्छ। चीनबाट पछिल्लो दुई वर्षदेखि मात्र बढी मात्रामा आँप आयात हुन थालेको हो।

कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिका अनुसार सोमबारको आँप (मालदह) र आँप (दशहरी)को मूल्य प्रति केजी न्यूनतम् रु १८० र अधिकतम् रु २०० रहेको छ। बाँकी अन्य थोक बजार र विभिन्न सहरमा फरक फरक मूल्यमा बिक्री भइरहेको देखिन्छ।

समितिका सूचना अधिकारी विनय श्रेष्ठले कालिमाटी बजरमा मात्र बैशाखदेखि आजसम्म एक हजार २३० टन आँप आयात भएको र त्यसमध्ये २८० टन आँप भारतबाट आयात भएको जानकारी दिनुभयो।

**यसपाली आँपको मूल्य तुलनात्मक उच्च**

यस पटक आँपको मूल्य विगतभन्दा धेरै तल नझरेको बताउँदै उहाँले नेपालमा सबैभन्दा बढी मालदह प्रजातिको आँप बिक्री हुने गरेको र त्यसपछि दशहरी, कलकते, चोसा, अम्रपालीलागायत जातका आँपहरु बिक्री हुने गरेको उल्लेख गर्नुभयो। असारसँगै आपको मुख्य सिजन सकिन्छ भने त्यसपछि कम मात्रामा आँप पाइने गरेको छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गतको राष्ट्रिय फलफूल विकास केन्द्रको तथ्यांक हेर्ने हो भने मुलुकभित्र आँपको उत्पादनको क्षेत्रफल, उत्पादन र उत्पादकत्व बढ्दै गएको छ। आर्थिक वर्ष २०७८/७९ मा मुलुकभर ५३ हजार ४५८ हेक्टर क्षेत्रफलमा चार लाख ९८ हजार ८५९ टन आँप उत्पादन भएको थियो। त्यस्तै आव २०७९/८० मा ५२ हजार ४४९ हेक्टर क्षेत्रफलमा पाँच लाख १३ हजार ५५ टन आँप उत्पादन भएको थियो।

त्यस्तै २०८०/८१ मा ५२ हजार ९७५ हेक्टर क्षेत्रफलमा कुल पाँच लाख १७ हजार ५५२ टन आँप उत्पादन भएको केन्द्रका प्रमुख महेशचन्द्र आचार्यले जानकारी दिनुभयो। आव २०८१/८२ मा ५२ हजार ४३३ हेक्टर क्षेत्रफलमा पाँच लाख पाँच हजार १३७ टन आँप उत्पादन भएको थियो। उहाँका अनुसार नेपालको उत्पादनको करिब ७७ प्रतिशत आँप मधेश प्रदेशमा उत्पादन हुने गरेको छ।

उत्पादन वृद्धि भएपनि भारतबाट समेत ठूलो परिमाममा आँप आयात हुने गरेको छ। केन्द्रका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा भारतबाट कुल ९६ लाख ५४ हजार २९२ केजी आँप आयात भएको थियो भने गत आव २०८२/०८३ मा ८८ लाख १२ हजार ९६६ केजी आँप आयात भएको देखिन्छ।

**फलफूलको राजा आँप**

हावापानीको दृष्टिकोणले तराईदेखि मध्य पहाडको बेसीसम्म खेती गर्न सकिने आँपलाई फलफूलको राजा पनि भनिन्छ। आँपमा वर्ष बिराएर फल्ने प्रवृति भएकाले कहिलेकाहीँ ३-४ वर्षमा एक वर्ष मात्र पनि राम्रो उत्पादन प्राप्त हुने गर्दछ।

उत्पादन क्षेत्रमा फूल लाग्ने समयमा प्रतिकूल मौसम हुनु, केही जिल्लामा उत्पादन घट्नु, सुरुआतमा भारतीय आयात सुस्त हुनु, ढुवानी, मजदुरी र प्याकेजिङ खर्च बढ्नु, यामको सुरुमै माग बढी र आपूर्ति कम हुनुलगायत विषयले आँपको मूल्य नघट्ने यस क्षेत्रका जानकारहरुको भनाइ छ। यसको दीर्घकालीन समाधानका लागि आँपका लागि कोल्ड स्टोर र सङ्कलन केन्द्र विस्तार, जुस, र अन्य प्रशोधन उद्योग स्थापना, गुणस्तरीय प्याकेजिङ र ब्रान्डिङ, बजार सूचना प्रणाली र न्यूनतम समर्थन मूल्यजस्ता नीतिगत व्यवस्था हुनुपर्ने सुझाव विज्ञहरुको सुझाव छ।

**'बिचौलियाले बढी नाफा लिए भन्ने हल्ला मात्र'**

नेपाल फलफूल थोक व्यावसायी संघ, कुलेश्वरका अध्यक्ष अमर बाँनियाले आँपको मूल्यमा उत्पादनदेखि उपभोक्तावीचका व्यवसायीले बढी नाफा लिए भन्ने हल्ला मात्र भएको बताउनुभयो। उहाँका अनुसार किसानको बगानमा आँपको फूल फूल्ने वित्तिकै एकथरी व्यवसायीले ठेक्का लिन्छन्। त्यसपछि ती ठेकेदारले बगानको गोडमेल, मलजल, श्रम र जोखिमसहित नाफा/घाटा लिन्छन्।

त्यस्ता व्यावसायीले काठमाडौँलगायत ठूला सहरमा थोक बिक्रेतासम्म आँप ल्याइपुर्‍याउँछन्। थोक व्यावसायीले आफ्नो निश्चित प्रतिशत नाफा राखेर मात्र औसतमा यस सिजनमा नेपाली आँप प्रति केजी रु १०० देखि १५० र भारतीय आँप प्रतिकेजी रु १२० देखि २०० बिक्री गरेको अध्यक्ष बाँनियाको भनाई छ। त्यसपछि स्थानीय पसले र साइकल व्यापारीले आफ्नो नाफा राखेर आमउपभोक्तालाई बिक्री गर्छन।

नेपालमा आँप उत्पादन हुने प्रमुख जिल्लाहरूमा झापा, मोरङ, सुनसरी, उदयपुर, सिराहा, सप्तरी, महोत्तरी, सर्लाही, धनुषा, बारा, पर्सा, रौतहट, धाडिङ, नवलपरासी, कपिलवस्तु, रूपन्देही, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, कैलाली र कञ्चनपुर पर्दछन्। फलको राजाको रुपमा चिनिने आँपको महत्व विशिष्ट स्वाद, साँस्कृतिक, महत्त्वपूर्ण भिटामिन र खनिजहरूका कारण धेरै रहेको छ।

**आँपखेती मधेशका लागि उपयुक्त कृषि व्यवसाय**

तराई मधेशका प्राय क्षेत्रमा आँपको खेति गर्न सकिन्छ। आँपको खेतीले हरियाली प्रवर्द्धन तथा वातावरण सुधारका साथै चुरे संरक्षणमा महत्वपूर्ण योगदान दिन सक्ने वातावरण क्षेत्र जानकारको भनाई छ। मन्त्रालयका अनुसार यो कार्बन संचिती र वैकल्पिक काष्ठका लागि समेत उपयोगी रहेको छ।

पानीको उपलब्धता कम भएको अवस्थामा पनि खेति गर्न सकिने भएकाले आँपको खेती उत्पादन लागत तुलनात्मक रुपमा कम हुन्छ। लामो समयसम्म उत्पादन लिन सकिने तथा तुलनात्मक रुपमा न्यून श्रमशक्तिको आवश्यकता हुने भएकोले श्रमको अभाव, जलवायु परिवर्तनको प्रभाव र उत्पादन सामाग्रीको अभावमा बाँझो रहन गएका जगाको सदुपयोग गर्नका लागि पनि आँपको खेतीको महत्व रहेको छ।

# डिजिटल प्रणालीमार्फत १७३ कर्मचारीको सरुवा

काठमाडौँ, १२ साउन (रासस)।

सरकारद्वारा जारी गरिएको अनलाइन कर्मचारी सरुवा व्यवस्थापन प्रणालीमार्फत हालसम्म एक हजार ८६० वटा निवेदन परेका छन् भने १७३ जनाको सरुवा भएको छ।

भूमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सञ्चालनमा ल्याएको उक्त अनलाइन प्रणालीमा आएका निवेदनमध्ये प्रक्रिया नपुगेका २८ वटा निवेदन फिर्ता गरिएको छ। मन्त्रालयका कर्मचारी प्रशासन महाशाखाका प्रमुख एवं सहसचिव धोलकराज ढकालका अनुसार हाल रिक्त रहेका पदमा सरुवालाई प्राथमिकता दिइएको हो।

भूमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले डिजिटल, पारदर्शी र सुरक्षित सरुवा प्रणाली कार्यान्वयनमा ल्याइएको बताउँदै कर्मचारीलाई अनलाइनमार्फत सरुवा निवेदन पेस गर्न आग्रह गर्नुभयो। घरबाटै आवेदन दिन र निवेदनको अवस्था अनलाइनमार्फत लिन सकिने भएकाले कर्मचारीलाई मन्त्रालय धाउनुपर्ने बाध्यता हटेको उहाँको भनाइ छ।

मन्त्रालयले गत असार १६ गतेदेखि अनलाइन प्रणालीमार्फत सरुवा आवेदन लिनका लागि सूचना जारी गरेको थियो। निजामती कर्मचारीले आफ्नो कर्मचारी सङ्केत नम्बर प्रयोग गरी व्यक्तिगत खाता खोलेर आफू जान चाहेको कार्यालयका लागि अनलाइनबाट निवेदन दिन सक्ने व्यवस्था गरिएको छ।

नियमित सरुवाको अवधि भदौ १ देखि ३० गतेसम्म रहेकाले हाल विशेष आवश्यकता परेको अवस्थामा मात्रै सरुवा गरिएको मन्त्रालयले जनाएको छ। भदौ महिनामा भने अवधि पुगेका कर्मचारीलाई नियमित सरुवा तालिकाअनुसार व्यवस्थापन गरिनेछ।

प्रशासन महाशाखाका प्रमुख ढकालले विगतमा सरुवा माग गर्न दुर्गम क्षेत्रबाट मन्त्रालयसम्म आउनुपर्ने बाध्यता रहेको स्मरण गर्दै अब सबै प्रक्रिया अनलाइनबाट हुने भएकाले 'अफलाइन' वा हातले बुझाइने निवेदन दर्ता गर्ने व्यवस्था नरहेको बताउनुभयो। यसले कर्मचारीलाई सहजता प्रदान गर्नुका साथै सरुवा प्रक्रियालाई व्यवस्थित, पारदर्शी र अनियमिततारहित बनाउन सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

प्रमुख ढकालका अनुसार नयाँ प्रणाली राष्ट्रिय किताब खानासँग जोडिएकाले सरुवा स्वीकृत हुने वित्तिकै कर्मचारीको विवरण स्वतः अद्यावधिक हुन्छ। "यसअघि कागजी प्रतिलिपि (हार्डकपी) मार्फत विवरण अद्यावधिक गर्नुपर्ने भएकाले बढुवा, सरुवा, अवकाश, राजीनामा वा मृत्युजस्ता विवरण समयमै अभिलेखमा नआउने समस्या थियो। अब यस्ता समस्या क्रमश कम हुँदै जानेछन्", उहाँले भन्नुभयो।

सहसचिव ढकालका अनुसार कर्मचारीले दिएको निवेदन मन्त्रालयमा प्राप्त भएपछि सम्बन्धित कर्मचारी हाल कार्यरत कार्यालय, प्रस्तावित कार्यालयमा रिक्त दरबन्दी रहेको वा नरहेको तथा हालको कार्यालयमा पूरा गरेको सेवा अवधि जस्ता विषय रुजु गरिन्छ। स्थानीय तहमा सामान्यतया एक वर्ष र अन्य निकायमा दुई वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीको सरुवा गर्ने व्यवस्था रहेकाले अवधि नपुगेका निवेदन तत्काल फिर्ता पठाइने गरिएको उहाँले जानकारी दिनुभयो।

सरकारले सञ्चालनमा ल्याएको कर्मचारी सरुवा व्यवस्थापन प्रणालीमा घरबाटै सरुवा निवेदन पेस गर्ने, निवेदनको अनलाइन स्थितिबारे जानकारी लिने, समयमा वास्तविक स्थिति पत्ता लगाउने, कागजात व्यवस्थापन तथा स्वचालित सूचना प्राप्त गर्ने सुविधा उपलब्ध रहेको मन्त्रालयले जनाएको छ।

## विश्व समाचार

### इथानोलसम्बन्धी पोस्टलाई लिएर भारतीय मन्त्रीद्वारा मेटासहितका कम्पनीविरुद्ध मुद्दा

नयाँदिल्ली, १२ साउन (रासस/एएफपी)।

भारतका सडक यातायातमन्त्री नितिन गडकरीले आफूलाई देशको इथानोल मिश्रण कार्यक्रमसँग जोडेर सामाजिक सञ्जालमा मानहानिपूर्ण सामग्री प्रसारण गरिएको भन्दै मेटासहितका ठूला प्रविधि कम्पनीविरुद्ध मुद्दा दायर गर्नुभएको छ। गडकरीले बम्बे उच्च अदालतमा दायर गरेको मुद्दामा ११ करोड भारतीय रुपैयाँ (११ लाख ४० हजार अमेरिकी डलर) क्षतिपूर्तिको माग गर्नुभएको उहाँको कार्यालयले जनाएको छ। उहाँले सामाजिक सञ्जालमा प्रसारित सामग्रीले आफूलाई सरकारको 'ई-२०' इथानोल मिश्रित पेट्रोल नीतिका लागि व्यक्तिगत रूपमा जिम्मेवार रहेको र आफू तथा आफ्नो परिवारले त्यसबाट आर्थिक लाभ लिएको भनी गलत आरोप लगाइएको बताउनुभएको छ। भारत सरकारले आयातित इन्धनमाथिको निर्भरता घटाउने र कार्बन उत्सर्जन कम गर्ने उद्देश्यले पेट्रोलमा २० प्रतिशतसम्म इथानोल मिश्रण गर्ने 'ई-२०' नीति कार्यान्वयन गरिरहेको छ। उक्त नीतिविरुद्ध सामाजिक सञ्जालमा विभिन्न पोस्ट तथा भिडियो भाइरल भएका छन्। ती सामग्रीमा इथानोल मिश्रित पेट्रोलले सवारीसाधनको इन्जिनमा क्षति पुर्‍याउने र कम इथानोल मिश्रणका लागि बनाइएका सवारीसाधनको मर्मत खर्च बढाउने दाबी गरिएको छ।

गडकरीले आफूविरुद्ध प्रसारित 'डिपफेक' सामग्री र भिडियोले आफ्नो प्रतिष्ठामा अपूरणीय क्षति पुर्‍याइरहेको दाबी गर्नुभएको छ। मुद्दामा फेसबुक र इन्स्टाग्रामको मातृ कम्पनी मेटासहित 'एक्स कर्प', गुगललगायत कम्पनीलाई विपक्षी बनाइएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। गडकरीको मुद्दाबारे प्रतिक्रिया माग्दै एएफपीले गरेको अनुरोधमा मेटाबाट तत्काल कुनै प्रतिक्रिया प्राप्त भएको छैन। भारत फेसबुक र इन्स्टाग्रामका प्रयोगकर्ताको सङ्ख्याका दृष्टिले मेटाका लागि प्रमुख बजारमध्ये एक हो। भारतीय सरकारले सामाजिक सञ्जाल प्लेटफर्ममाथिको नियमनसमेत विस्तार गर्दै आएको छ र आपत्तिजनक सामग्री हटाउन तथा सरकारी निर्देशन पालना गर्न ती कम्पनीलाई निर्देशन दिँदै आएको छ।

### अमेरिकासँग सहमति असम्भव : इरान

तेहरान, १२ साउन (रासस्/एएनआई)।

इरानको संसद्का उपसभामुख हमिदरेजा हाजी बाबाईले इरान अमेरिकासँग कहिल्यै समझदारीमा पुग्न नसक्ने बताउँदै रणनीतिक हर्मुज जलघाँटीलाई इरानको 'शक्तिको शिखर' भएको टिप्पणी गर्नुभएको छ। उहाँले प्रतिरोधको नीतिलाई निरन्तर अघि बढाइने र क्यास्पियन सागर क्षेत्रमा कुनै पनि गतिविधि स्वीकार्य नहुने चेतावनीसमेत दिनुभएको छ। इरानी समाचार संस्था आइएसएनएका अनुसार संसद्को सार्वजनिक तथा बन्द सत्रलाई सम्बोधन गर्दै हाजी बाबाईले हिजबुल्लाहले इरानी नेतृत्वप्रति व्यक्त गरेको समर्थनलाई प्रतिरोध आन्दोलनको महत्त्वपूर्ण उपलब्धिका रूपमा उल्लेख गर्नुभयो। उहाँका अनुसार यसले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा इरान र प्रतिरोध पक्षको प्रभाव बढाएको छ तथा अमेरिका र इजरायललाई पछि हट्न बाध्य बनाएको छ। उहाँले दिवङ्गत सर्वोच्च नेता अयातुल्ला सैय्यद अली हुसैनी खामेनीको भनाइ उद्धृत गर्दै लेबनानको सार्वभौमिकता र भौगोलिक अखण्डताको संरक्षण तथा इजरायली आक्रमणको पूर्ण अन्त्यलाई कुनै पनि सम्भावित समझदारीको पहिलो सर्त बनाइएको बताउनुभयो। वर्तमान सर्वोच्च नेता अयातुल्ला सैय्यद मोजताबा हुसैनी खामेनीको भनाइ उद्धृत गर्दै हाजी बाबाईले जिहाद र प्रतिरोधबाहेक अर्को विकल्प नरहेको र यही मार्गमा अडिग रहे सफलता प्राप्त हुने धारणा व्यक्त गर्नुभयो।

अमेरिकाप्रति लक्षित टिप्पणी गर्दै उहाँले इरानले वासिङ्टनको इच्छाअनुसार चल्न नहुने र अमेरिकालाई क्षेत्रमा प्रभावशाली भूमिका खेल्न दिइन नहुने बताउनुभयो। उहाँका अनुसार इरानी जनताको इच्छाशक्तिले अमेरिकालाई क्षेत्रीय तथा इरानको आन्तरिक राजनीतिमा निष्क्रिय बनाएको छ। हाजी बाबाईले अमेरिकाको युद्ध, शान्ति र संवाद सबै रणनीतिक उद्देश्यबाट निर्देशित हुने दाबी गर्दै त्यसकारण इरान अमेरिकासँग कहिल्यै समझदारीमा पुग्न नसक्ने बताउनुभयो। उहाँले विश्वको महत्त्वपूर्ण ऊर्जा आपूर्ति मार्ग मानिने हर्मुज जलघाँटीले इरानलाई ठूलो रणनीतिक शक्ति दिएको उल्लेख गर्दै त्यसको संरक्षणलाई राष्ट्रिय प्राथमिकता बनाउनुपर्ने धारणा राख्नुभयो। यसैबीच, क्यास्पियन सागरमा इरानी जहाजमाथि हालै भएका भनिएका आक्रमणको प्रसङ्ग उल्लेख गर्दै उहाँले युक्रेनलाई चेतावनी दिँदै त्यस्तो कुनै पनि गतिविधि दोहोरिए इरानले कडा प्रतिक्रिया दिने बताउनुभयो।

### पाकिस्तानमा वर्षाले १०९ जनाको ज्यान लियो

लाहोर (पाकिस्तान), १२ साउन (रासस/एपी)।

पाकिस्तानमा मनसुनजन्य वर्षा र त्यसपछि आएको आकस्मिक बाढीका कारण पछिल्लो एक महिनामा कम्तीमा १०९ जनाको मृत्यु भएको छ। मौसमविद्ले यसै साता देशका विभिन्न क्षेत्रमा पुनः भारी वर्षा हुने चेतावनी दिएसँगै सरकारले सम्भावित विपद्को तयारीलाई थप तीव्र बनाएको छ। पाकिस्तानको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका अनुसार जुन २६ यता देशभर मनसुनसँग सम्बन्धित घटनामा १०९ जनाले ज्यान गुमाइसकेका छन्। अधिकांशको मृत्यु घर तथा छाना भत्किँदा भएको हो। मृतकमध्ये झण्डै आधा अफगानिस्तानसँग सीमा जोडिएको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तका रहेका छन्।

विपद् व्यवस्थापन प्राधिकरणले बाढीको जोखिम उच्च रहेका क्षेत्रको तयारीबारे समीक्षा गरेको भोलिपल्ट यो अद्यावधिक विवरण सार्वजनिक गरेको हो। अधिकारीहरूले नदी किनारमा बसोबास गर्ने समुदायलाई समयमै पूर्वसूचना उपलब्ध गराई बासिन्दालाई सुरक्षित स्थानमा सार्ने तथा आवश्यक परे बाढी आउनुअघि नै स्थानान्तरण गर्ने योजनामाथि छलफल गरेका छन्। गत साता पाकिस्तानको सांस्कृतिक राजधानी लाहोरसहित विभिन्न क्षेत्रमा परेको अविरल वर्षापछि धेरै बस्ती जलमग्न भएका थिए। सडकहरू डुबानमा परेपछि सर्वसाधारणले लामो दूरी घुमेर यात्रा गर्नुपरेको थियो। सामाजिक सञ्जालमा सार्वजनिक भएका तस्बिरमा मानिसहरू घुँडासम्मको पानी छिचोल्दै आवतजावत गरिरहेको देखिएपछि विपद् व्यवस्थापनमा सरकारको तयारी र प्रतिक्रिया प्रभावकारी नभएको भन्दै आलोचना भएको छ।

# विज्ञापन बोर्डको अनुमतिविना विज्ञापन प्रसारण गर्न नपाइने

काठमाडौँ, १२ साउन (रासस)। विज्ञापन बोर्डले मुलुकभित्र प्रसारण हुने सबै श्रव्य, दृश्य तथा श्रव्यदृश्य विज्ञापन सामग्री प्रसारण गर्नुअघि अनिवार्य रूपमा बोर्डबाट परीक्षण गराई प्रसारण अनुमति लिनुपर्ने जनाएको छ।

बोर्डले सोमबार सूचना जारी गर्दै बोर्डको स्वीकृति नलिई विभिन्न सञ्चारमाध्यमबाट विज्ञापन प्रसारण भइरहेको, विज्ञापनकर्ताको नाम, ठेगाना, चेतावनीमूलक सन्देशलगायत अनिवार्य विवरण उल्लेख नगरिएको तथा तथ्यहीन, अतिरञ्जित र उपभोक्तालाई भ्रममा पार्ने सामग्रीसमेत प्रसारण भएको पाइएको जनाएको छ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १५(ख), विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम (५) तथा विज्ञापन प्रसारण सामग्री परीक्षणसम्बन्धी मापदण्ड, २०७८ (पहिलो संशोधन, २०८०) अनुसार विज्ञापन सामग्री परीक्षण तथा अनुमति दिने अधिकार विज्ञापन बोर्डमा रहेको छ।

बोर्डले नेपालमा प्रसारण हुने सबै श्रव्य, दृश्य तथा श्रव्यदृश्य विज्ञापन सामग्री प्रसारणअघि अनिवार्य रूपमा परीक्षण गराई अनुमति लिन तथा हालसम्म परीक्षण नगराई प्रसारण भइरहेका विज्ञापन सामग्री तत्काल परीक्षण गराई कानुनी प्रक्रिया पूरा गर्न सम्बन्धित सबै पक्षलाई निर्देशन दिएको हो।

प्रचलित कानुनविपरीत रहेका विज्ञापन सामग्री तत्काल हटाउन भनिएको छ। कानुनी व्यवस्था उल्लङ्घन गरी विज्ञापन प्रसारण गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गरिने बोर्डले जनाएको छ।

# असार मसान्तसम्म खपत भएको बिजुलीमा भ्याट नलाग्ने प्राधिकरणको प्रष्टोक्ति

काठमाडौँ, १२ साउन (रासस)। नेपाल विद्युत् प्राधिकरणले गत असार मसान्तसम्म खपत भएको बिजुलीको मूल्य अभिवृद्धि कर (भ्याट) नलाग्ने स्पष्ट पारेको छ।

आन्तरिक राजस्व विभाग तथा ठूला करदाता कार्यालयको सूचनाअनुसार भुक्तानी भइसकेको मूल्य अभिवृद्धि कर रकमलाई अग्रिम भुक्तानी कायम गरी आगामी भदौ महिनाको बिलमा समायोजन गरिने प्राधिकरणले जनाएको छ।

प्राधिकरणले सूचनामार्फत ग्राहकले भुक्तानी गरिसकेको रकमलाई आगामी महिनाको बिलमा समायोजन गर्नेगरी आवश्यक प्रबन्ध गरिएको उल्लेख गरेको छ।

प्राधिकरणले विद्युत् खपतका आधारमा मासिक रुपमा बिलिङ हुने गरेको र गत असार महिनामा खपत भएको विद्युत्को बिलिङ साउनमा जारी गर्दा कर आकर्षित हुने वा नहुने भन्नेमा द्विविधा उत्पन्न भएको थियो।

प्राधिकरणले यही साउन ८ गते आन्तरिक राजस्व विभाग र ठूला करदाता कार्यालयलाई पत्राचार गर्दै स्पष्ट पारिदिन आग्रह गरेको थियो। आर्थिक ऐन, २०८३ मा विद्युत्मा भ्याट लागू हुने व्यवस्था गरिएको छ।

आन्तरिक राजस्व कार्यालयले सोमबार नै एक सूचनामार्फत असार मसान्तसम्मको विद्युत्• उपभोग वा खपतको बिलिङमा भ्याट नलाग्ने स्पष्ट पारेको थियो।

विभागले साउन १ गतेदेखि भने विद्युत् शक्तिको खपतमा न्यूनतम चार्ज वा 'डिमाण्ड' चार्जमा पनि भ्याट आकर्षित हुने जनाएको छ।

मूल्य अभिवृद्धि कर ऐनअनुसार अन्तिम उपभोक्ताका लागि पाँच प्रतिशत र अन्यको हकमा १३ प्रतिशत भ्याट लाग्नेछ। प्राधिकरणले लिने शुल्क विद्युत् सेवाको अङ्ग भएकाले साउन १ पछि हुने खपतमा नियमानुसार भ्याट आकर्षित हने विभागको प्रष्टोक्ति छ।

प्राधिकरणले असार मसान्तसम्मको बिलमा भ्याट रकम जोडेर उपभोक्तालाई बिल पठाएको थियो। त्यसरी बिल पठाइएपछि उपभोक्ताले गुनासो गरेका थिए। ऊर्जा जलस्रोत तथा सिंचाइमन्त्री बिराज भक्त श्रेष्ठले त्यसमा चासो राख्दै समस्या समाधानका लागि पहल गर्नुभएको थियो।

# स्वास्थ्य सेवामा अवरोध नगर्न आग्रह

काठमाडौँ, १२ साउन (रासस)। स्वास्थ्य सेवाजस्तो संवेदनशील सेवामा कुनै पनि प्रकारको अवरोध नगर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आग्रह गरेको छ।

चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले मंगलबार आकस्मिकबाहेकका सेवा सञ्चालन नगर्ने घोषणा गरेपछि उक्त मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले सो आग्रह गर्नुभएको हो।

उहाँले प्रकाशन गर्नुभएको विज्ञप्तिमा भन्नुभएको छ, "स्वास्थ्य सेवाको संवेदनशीलता, चिकित्सक पेसाको गरिमा तथा सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्दै नागरिकको उपचार सेवामा कुनै अवरोध नआउने वातावरण कायम गरी निर्बाध रूपमा स्वास्थ्य सेवा प्रवाह गर्न सबै अस्पतालहरूलाई मन्त्रालय अपिल गर्दछ।"

सहप्रवक्ता अधिकारीले स्वास्थ्य सेवा अत्यन्त संवेदनशील, जीवनरक्षक र अत्यावश्यक सेवा हो भन्दै नागरिकको स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारको संरक्षण गर्नु तथा स्वास्थ्यकर्मीले सुरक्षित र सम्मानजनक वातावरणमा सेवा प्रदान गर्न पाउनु स्वास्थयकर्मीको अधिकार र सबै नागरिकको साझा दायित्व रहेको पनि विज्ञप्तिमा उल्लेख गर्नुभएको छ।

विज्ञप्तिमा उक्त मन्त्रालयको चिकित्सक, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामा भएका कुटपिट तथा दुर्व्यवहारका घटनाहरूप्रति गम्भीर ध्यानाकर्षण भएको र दोषीलाई कानुनी दायरामा ल्याइने पनि बताइएको छ।

गत शनिबार वीरगञ्जस्थित नारायणी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वाथ्यकर्मीहरू र अस्पतालमा आक्रमण भएको भन्दै सुरक्षाको माग गर्दै सङ्घले बन्दको आह्वान गरेको हो।

# चिकित्सकमाथि कुटपिट र अस्पताल तोडफोड गर्नेलाई कारबाही गर्न निर्देशन

काठमाडौँ, १२ साउन (रासस)। राष्ट्रिय मानवअधिकार आयोगले नारायणी अस्पताल वीरगञ्जका चिकित्सकमाथि कुटपिट तथा अस्पताल तोडफोडको घटनामा संलग्नलाई कारबाही गर्न नेपाल सरकारको ध्यानाकर्षण गराएको छ।

आयोगले शान्ति पूर्णरुपमा वार्ता र सम्वादकै माध्यमबाट विवादको समाधान खोजी चिकित्सक डा प्रमोद राममाथि कुटपिट र अस्पतालमा भएको तोडफोडको घटनाको सत्यतथ्य छानबिन गर्न नेपाल सरकारलाई निर्देशन समेत दिएको छ।

प्रवक्ता डा टीकाराम पोखरेलले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ,"स्वास्थ्यजस्तो अत्यावश्यक सेवा बन्द हुँदा लाखौँ मानिसको जीवन जोखिममा पर्न सक्नेतर्फ संवेदनशील भई सेवा सुचारु गर्न, आफ्ना विरोध र विमती राख्दा आमनागरिकको स्वास्थ्यमा असर नपर्ने प्रकृतिका अन्य वैकल्पिक उपायहरु अवलम्बन गर्न तथा वार्ताको माध्यमबाट समस्याको समाधान खोज्न आयोग नेपाल सरकार, आन्दोलनरत चिकित्सक, मृतकका परिवार तथा सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछ।"

अराजकताले प्रश्रय पाएमा कानुनी शासनमाथि चुनौती खडा हुने जनाउँदै आयोगले अस्पतालको सेवा बन्द गरिँदा बिरामी उपचारबाट वञ्चित हुन परेको जनाएको छ।

### सप्तरीमा कुपोषित ...

सामग्री, सिकाइका सामग्री तथा आमाहरुका लागि परामर्श कार्यक्रम समेत सञ्चालन गरिदै आएको बताइन्।

बालबालिकाको पोष्टिक आहारमा कमी हुँदा यस्तो समस्या आउने गरेको केन्द्रका प्रबन्धक झा बताउँछिन्। धेरैजसो बालबालिकालाई पर्याप्त स्तनपान नहुनु, पौष्टिक आहारको कमी तथा पोषणसम्बन्धी चेतनाको अभावका कारण कुपोषणको शिकार हुने गरेको उनको भनाई छ।

यद्पी दुई आर्थिक बर्षको तथ्याङ्क अनुसार जिल्लामा कुपोषित बालबालिकाको संख्यामा कमि आउन सकेको छैन।

आर्थिक वर्ष २०८२/०८३ मा १ सय ८७ जना कुपोषित बालबालिकाले उपचार सेवा प्राप्त गरेका छन्। तीमध्ये १ सय १४ जना बालक र ७३ जना बालिका रहेको छ। त्यसमा पनि बालिका भन्दा बालकको संख्या बढी देखिएको छ।

गत आर्थिक बर्ष २०८१/०८२ मा केन्द्रबाट १ सय ८० जना कुपोषित बालबालिकाले उपचार सेवा पाएको केन्द्रकी नर्सिङ स्टाफ ममता यादवले जानकारी दिइन्।

यसरी दुबै बर्षको तथ्यांकलाई हेर्दा कुपोषित बालबालिकाको संख्यामा सुधार आउन सकेको छैन। तर, कुपोषणका शिकार भएका सबै बालबालिका भने उपचारपछि निको भएर घर फर्किएका छन।

चालु आर्थिक वर्ष सुरु भएयता नयाँ भर्ना भएका सात जना बालबालिका अहिले उपचाररत रहेको केन्द्रले जनाएको छ।

### बरामद लत्ताकपडा ...

जाँचका क्रममा मधेश प्रदेश ०६-००१-प १२७४ नम्बरको मोटरसाइकल चालक डाक्नेश्वरी ३ निवासी २२ वर्षीय अख्तर र सोही मोटरसाइकलको पछाडि सवार १९ वर्षीय अमित कुमार रायले बोकेको रातो बोराभित्र विभिन्न किसिमका लत्ताकपडा फेला परेको हो।

त्यसैगरी बीआर १४ ई ०४३९ नम्बरको मोटरसाइकल चलाइरहेका चालक २५ वर्षीय मोहम्मद इजरायलले मोटरसाइकल पछाडि बाँधेका सेतो बोराबाट पनि भन्सार छली गरी ल्याइएका विभिन्न लत्ताकपडा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिए।

बरामद लत्ताकपडा, दुईवटा मोटरसाइकल तथा पक्राउ परेका तीनै जनासहित ३ लाख ६९ हजार ६ सय बराबरको सामान आवश्यक कारबाहीका लागि सोमबार नै राजविराज भन्सार कार्यालय तिलाठी सप्तरीमा बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

### सुनसरी घटनाको ...

पनि कर्फ्यू लगाएको छ। सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वर प्रसाद अर्यालद्धारा जारी सूचनामा अर्को सूचना जारी नभएसम्मका लागि तोकिएको क्षेत्रभित्र कसैले पनि आवतजावत गर्न, भेला हुन, जुलुस निकाल्न, प्रदर्शन गर्न, सभा वा बैठक गर्न र घेराउ गर्न नपाउने गरी निषेध गरिएको छ।

विभिन्न स्थानमा प्रदर्शन सुरू भएपछि मुख्य राजमार्ग क्षेत्र र इनरुवा बजार क्षेत्रमा अनिश्चितकालीन कर्फ्यू आदेश जारी भएको छ।

देवानगञ्जमा दुई समुदायका बीचमा भएको झडप पछि शसस्त्र प्रहरीले गोली चलाउँदा एकजनाको ज्यान गएपछि घटनाको विरोधमा प्रदर्शन भइरहेको छ। तोडफोड र आगजनी भएपछि सुनसरीको पकलीदेखि कोशी ब्यारेजसम्म मुख्य राजमार्गमा कर्फ्यू जारी भएको छ। यता देवानगञ्ज क्षेत्रमा पनि सोमबारदेखी नै कर्फ्यू जारी छ।

# रास्वपा सभापति लामिछानेद्वारा पूर्वी जिल्लामा शान्ति र संयमता अपनाउन अपिल

काठमाडौँ, १३ साउन (रासस)। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सुनसरीलगायत पूर्वी जिल्लामा हालै घटेको घटनाप्रति दुःख व्यक्त गर्दै शान्ति, संयमता र सामाजिक सदभाव कायम राख्न सबैमा अपिल गर्नुभएको छ।

सभापति लामिछानेद्वारा मंगलबार जारी विज्ञप्तिमा घटनामा परी ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली तथा शोकाकूल परिवारजनमा समवेदना व्यक्त गर्दै घाइते नागरिक तथा सुरक्षाकर्मीको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ।

सविज्ञप्तिमार्फत उहाँले रास्वपाका स्थानीय समितिका सम्पूर्ण सदस्यलाई सदभाव कायम राख्न सहयोगी भूमिका खेल्न निर्देशन समेत दिनुभएको छ। सभापति लामिछानेले कुनै पनि समस्या, असन्तुष्टि वा विवादको समाधान हिंसा र मुठभेडबाट हुन नसक्ने उल्लेख गर्दै बहुलवादी संस्कृति, आपसी एकता, सहिष्णुता र सामाजिक सदभाव खल्बलिने गतिविधि नगर्न तथा नगराउन आम नागरिक, नागरिक अगुवा, धार्मिक तथा सामाजिक व्यक्तित्व र सरोकारवाला पक्षलाई आग्रह गर्नुभएको छ।

उहाँले उत्तेजना र अफवाहको पछि नलागी उच्च संयमता अपनाउन आह्वान गर्नुभएको छ। "यस संवेदनशील परिस्थितिमा तत्काल शान्ति सुरक्षा कायम गर्न, नागरिकको जीउधनको रक्षा गर्न र परिस्थिति सामान्यीकरण गर्न सरकार तथा स्थानीय प्रशासनसँग निरन्तर सहजीकरणमा छौं", उहाँले विज्ञप्तिमा भन्नुभएको छ।

घटनाको मुख्य कारणसम्म पुग्ने गरी स्वतन्त्र, निष्पक्ष र द्रुत छानबिन गरी दोषीमाथि कडा कानुनी कारबाही गर्न तथा पीडित पक्षलाई उचित न्याय र राहत उपलब्ध गराउन पनि उहाँले सरकारको ध्यानाकर्षण समेत गराउनुभएको छ।

"घटनालाई कुनै पनि बहानामा राजनीतिकरण नगर्न सबै राजनीतिक दल तथा सम्बद्ध पक्षसँग विशेष आग्रह गर्दछौं", सभापति लामिछानेले विज्ञप्तिमा उल्लेख गर्नुभएको छ।

# घुस लिँदै गरेको अवस्थामा वडा सचिव पक्राउ

काठमाडौँ, १२ साउन (रासस)। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले झापाको गौरीगञ्ज गाउँपालिका-१ का वडासचिव अजयकुमार साहलाई १० हजार घुससहित पक्राउ गरेको छ।

आयोगका अनुसार सम्बन्धविच्छेद दर्ता प्रमाणपत्र जारी गरिदिने क्रममा सेवाग्राहीलाई दुःख-हैरानी दिइ घुस मागेको भन्ने सूचना तथा उजुरीका आधारमा आयोगको इटहरी कार्यालयबाट खटिएको टोलीले साहलाई पक्राउ गरिएको हो।

आयोगले सेवाग्राहीबाट १० हजार घुस लिइसकेको अवस्थामा सोही वडास्थित एक स्थानीय होटलबाट सोमबार नियन्त्रणमा लिएको हो। आयोगले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*